# प्रतिनिधि सभा विघटनको सन्दर्भ



वीरेन्द्रबहादुर के.सी. ✍

नेपालको संविधानमा संकटकालीन अवस्थाको घोषणा वा आदेश लागू रहेको अवस्थामा संघीय ऐन बमोजिम प्रतिनिधि सभाको कार्यकाल एक वर्षमा नबढ्ने गरि थप गर्न सकिनेछ भन्ने व्यवस्थाले प्रतिनिधि सभाको कार्यकाल ६ वर्ष सम्मको हुन सक्ने व्यवस्था देखिन्छ । नेपालको संविधानको धारा ७६ मा मन्त्रिपरिषद्को गठनसम्बन्धी व्यवस्था भए अनुरुप धारा ७६(१) राष्ट्रपतिले बहुमत प्राप्त दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ र निजको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुनेछ भन्ने व्यवस्था रहेको छ । प्रतिनिधि सभामा कुनै पनि दलको स्पष्ट बहुमत नरहेको अवस्थामा प्रतिनिधि सभाका प्रतिनिधित्व गर्ने दुई वा दुई भन्दा वढी दलहरुको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्ने सक्नेछ भन्ने व्यवस्था गरेको छ ।

२०७४ साल फाल्गुन ३ मा संविधानको धारा ७६ को उपधारा (२) बमोजिम वर्तमान प्रधानमन्त्री नियुक्त हुनु भएको सर्वविदितै छ । प्रतिनिधि सभाको निर्वाचनमा प्रत्यक्ष ८० सिट र समानुपातिक ४२ गरी कूल १२१ सिट सहितको ठूलो पार्टी तत्कालिन नेकपा एमालेसँग साधारण बहुमतको सरकार गठनको लागि आवश्यक सिट १३८ नभएकोले तेस्रो ठूलो पार्टी ने.क.पा माओवादी प्रत्यक्ष ३६ र समानुपातिक १७ गरी ५३ र संघीय समाजवादी पार्टी जनमोर्चा समेतको सहभागितामा सरकार गठन भएको थियो ।

धारा ७६ को उपधारा (३) को संवैधानिक व्यवस्था अनुरुप प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिमाण घोषणा भएको मितिले तिस दिन भित्र उपधारा (२) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा वढी सदस्यहरु भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ भन्ने प्रावधान देखिन्छ ।

---

✍ उपसचिव (कानून), आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश

प्रतिनिधि सभा विघटनको आलेखमा तथ्यगत विश्लेषण गर्दा प्रधानमन्त्रीको सवालमा धारा ७६ को उपधारा (२) बमोजिम दुई वा दुई भन्दा बढी दलहरुको सहभागितामा नै प्रधानमन्त्री नियुक्त भएको व्यहोरा जगजाहेर छ । उपधारा (४) को व्यवस्थाले उपधारा (२) वा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले त्यसरी नियुक्त भएको मितिले तिस दिन भित्र प्रतिनिधि सभाबाट विश्वासको मत प्राप्त गर्नु पर्नेछ भन्ने व्यवस्था अनुरूप उपधारा (४) बमोजिम प्रधानमन्त्रीले मिति २०७४ फाल्गुन २७ गते संसदबाट विश्वासको मत प्राप्त गर्नु भएको थियो ।

उपधारा (५) मा उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिमको विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको अर्थात् संसदमा प्रतिनिधित्व गर्ने ठूलो दलको सदस्यले विश्वासको मत प्राप्त गर्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले त्यस्ता सदस्यलाई प्रधानमन्त्री नियुक्त गर्नेछ र  उपधारा (६) मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा ४ बमोजिम विश्वासको मत प्राप्त गर्नु पर्नेछ भन्ने व्यवस्था रहेको छ ।

यसरी संवैधानिक व्यवस्था हेर्दा उपधारा (४) ले उपधारा (२) र (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत लिनु पर्ने व्यवस्था गरेको देखिन्छ भने उपधारा (६) मा उपधारा (५) बमोजिम नियुक्त प्रधानमन्त्रीले विश्वासको मत प्राप्त गर्न नसकेमा वा प्रधानमन्त्री नियुक्त हुन नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गरी छ महिना भित्र अर्को प्रतिनिधि सभाको निर्वाचन सम्पन्न हुने गरी निर्वाचनको मिति तोक्न सक्ने व्यवस्था रहेको छ । उपधारा (७) लाई विश्लेषण गर्ने हो भने उपधारा (३) बमोजिम संसदमा प्रतिनिधित्व गर्ने ठूलो दलले पनि मन्त्रिपरिषद् गठन र प्रधानमन्त्री चयन गर्न नसकेपछि उक्त दलको कुनै सदस्यले प्रतिनिधि सभाको विश्वासको मत प्राप्त गर्न सक्ने आधार प्रस्तुत गरेमा राष्ट्रपतिले प्रधानमन्त्री नियुक्त गर्न सक्ने व्यवस्था देखिन्छ । यसरी संविधानको शाब्दिक व्याख्या मात्र गर्ने हो भने उपधारा (३) बमोजिम नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा उपधारा (२) बमोजिमको कुनै सदस्य प्रधानमन्त्री भएमा निजले प्रतिनिधि सभा विघटन गर्न सक्ने तर सो अवस्था नभई उपधारा (२) बमोजिम कुनै दलको समर्थनमा वा दुईभन्दा बढी दलहरूको समर्थनमा विश्वासको मत प्राप्त गरेको प्रधानमन्त्रीले प्रतिनिधि सभा विघटन गर्न नसक्ने व्यवस्था नेपालको संविधानमा कहीँ उल्लेख भएको देखिदैंन ।अहिलेको अवस्थामा संविधानमा नै नभएको व्यवस्था अपवाद् वा नियम (exception or rule) के हो ? तसर्थ यहि बिन्दुमा रहि विवाद निरूपण हुनु पर्ने देखिन्छ । यदि उपधारा (५) लाई मात्र निरपेक्ष व्याख्या गर्ने हो भने तत्कालिन अवस्थामा उपधारा ३ बमोजिम सबैभन्दा ठूलो दलको संसदीय दलको नेता पनि वर्तमान प्रधानमन्त्री नै हुनु हुन्छ र अहिले पनि नेकपाको संसदीय दलको नेता उहाँ नै हुनुहुन्छ । संवैधानिक व्यवस्थाको शाब्दिक व्याख्याले नै पर्याप्त अर्थ दिएको छ भने स्वर्णिम र दुष्कृतिको नियम अवलम्वन गर्न जरुरी हुँदैन । संविधानको शासकीय अवधारणा अल्पसंख्यकले बहुसंख्यक माथि अंकुश लगाउन हुँदैन भन्ने नै हो । धारा (३) मा सबैभन्दा ठूलो दलको संसदीय

दलको नेता वा उक्त दलको सदस्य प्रधानमन्त्री हुन सक्ने व्यवस्था गरेकोले उपधारा (५) मा संसदमा प्रतिनिधित्व गर्ने ठूलो दलको संसदीय दलको नेता वा उक्त दलको सदस्यले विश्वासको मत प्राप्त गर्न नसकेमा प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले प्रतिनिधि सभा विघटन गर्न सक्ने व्यवस्था गरेको छ ।

संविधानको धारा १०० मा विश्वासको मत र अविश्वासको प्रस्ताव सम्बन्धी व्यवस्थालाई हेर्दा प्रधानमन्त्रीले कुनै पनि बखत आफूमाथि प्रतिनिधि सभाको विश्वास छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासका मतका लागि प्रतिनिधि सभा समक्ष प्रास्ताव राख्न सक्नेछ भन्ने व्यवस्थाले प्रधानमन्त्रीलाई स्वविवेकीय अधिकार दिएको देखिन्छ । संविधानको धारा १७७ मा प्रदेशसभाको कार्यकाल यस संविधान बमोजिम अगावै विघटन भएकोमा बाहेक प्रदेश सभाको कार्यकाल ५ वर्ष हुनेछ भन्ने व्यवस्था रहेको छ । यस व्यवस्थालाई हेर्दा पनि प्रदेश सभा समेत ५ वर्ष अगावै विघटन हुन सक्ने देखिन्छ ।

धारा ८५ ले प्रतिनिधि सभा विघटनबारे उपधारा (३) र (५) लाई उल्लेख गरेकाले पाँच वर्ष अगावै प्रतिनिधि सभा विघटन गर्न सकिन्छ भन्ने संवैधानिक परिकल्पना देखिन्छ । सभामुख उपसभामुख एकै दलको नहुने व्यवस्था धारा ९१मा र धारा २६९ को उपधारा ४ (ख) मा राजनीतिक दलको विधानमा कम्तीमा ५ वर्षमा एकपटक सो दलको संघीय र प्रदेश तहका पदाधिकारीको निर्वाचन हुने व्यवस्था छ सो व्यवस्था कार्यान्वयन भए नभएको विषयमा कहीँ प्रश्न उठदैनन् । धारा ८५(१) मा प्रतिनिधि सभाको कार्यकाल यस संविधान अगावै विघटन भएकोमा बाहेक प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुनेछ भन्ने व्यवस्थाले समेत प्रतिनिधि सभा पाँच वर्ष अघि नै विघटन हुन सक्ने परिकल्पना गरेको देखिन्छ । तर यसको निक्यौंल अदालतबाटै हुन सक्ने देखिन्छ । प्रतिनिधि सभा विघटनको विषय अदालतमा विचाराधिन रहेको अवस्थामा संवैधानिक मूल्य मान्यता विपरित सडकमा संविधानको व्याख्या गरिनु हुँदैन । संविधानको धारा १०५ र धारा १९१ मा नेपालको कुनै अदालतमा विचाराधिन मुद्दाहरुका सम्बन्धमा न्याय निरुपणमा प्रतिकुल असर पार्ने विषय तथा न्यायाधिशले कर्तव्य पालनको सिलसिलामा गरेको न्यायिक कार्यको सम्बन्धमा संघीय संसद तथा प्रदेश सभामा छलफल गरिने छैन भन्ने प्रष्ट व्यवस्था गरिएको छ। अदालतबाट भएका निर्देशनात्मक आदेश, फैसला र राष्ट्रिय मानव अधिकार आयोगबाट भएका मानव अधिकार उल्लघंनका दोषीहरु माथिको कारवाहीको सिफारिश कार्यान्वयन नगर्नु संविधानको पालना भएको मान्न सकिँदैन ।

संविधानको धारा १२६ (२) मा मुद्दा मामिलाको रोहमा अदालतले दिएको आदेश वा निर्णय सबैले पालना गर्नु पर्नेछ भन्ने प्रष्ट व्यवस्था गरिएको छ । यसर्थ अदालतमा विचाराधिन विषयमा अदालतलाई प्रभाव पार्ने क्रियाकलाप कहीँकतैबाट हुनु हुँदैन । प्रतिनिधि सभा विघटनको विषयमा अदालतले दिएको आदेश वा निर्णय पालना गरी संवैधानिक एवं कानूनी मूल्य मान्यताको जगेर्ना गर्नु सबैको कर्तव्य हो ।